**Airawati Rural Municipality**
**Office Of the Rural Municipal Executive**
**Baraula Pyuthan**
**Lumbini Province,Nepal**

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# BID DOCUMENT

## ऐरावती गाउँपालिका क्षेत्र भित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ(ढुङ्गा,गिट्टी,बालुवा)उत्खनन्,संकलन र घाटगद्दी तथा बिक्री सम्वन्धी कार्य

**Issued by:**
**Airawati Rural Municipality**
**Office Of the Rural Municipal Executive**
**Baraula,Pyuthan**

| | |
|---|---|
| Sealed Quotation Number | **01/ARM/NCB/Goods RBM-2083/084** |
| Issued On | **2083/06/27 (13-10-2026)** |

# ऐरावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बरौंला,प्यूठान
# लुम्बिनी प्रदेश,नेपाल

ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बरौंला, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी,बालुवा) उत्खनन् र विक्री कार्यको ठेक्का वन्दोवस्तीको लागि बोलपत्र आव्हानको सूचना

**सूचना न : १८।०८३।०८४**

**(प्रथम पटक प्रकाशित मिति :२०८३।०६।२७)**

नेपाल सरकारको ढुङ्गा, गिट्टी, बालुवा,उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क),लुम्बिनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८३ को दफा ८ रं अनुसुची ६, ऐरावती गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन-२०८३ को व्यवस्था र ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३।०६।०२ गतेको निर्णय बमोजिम आ.व.२०८३/०८४ का लागि यस गाउँपालिका क्षेत्र भित्रका नदी/खोलाहरुका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् गरी ऐरावती गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी देहाय बमोजिमको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | दरभाउपत्रको नाम/विवरण | उत्खनन् परिमाण (घन फिट) | विक्री शुल्क प्रति घनफिट (मु.अ.कर बाहेक) | न्यूनतम बोलपत्र रकम (अग्रिम आयकर र मू.अ.कर बाहेक) | धरौटी रकम | फाराम शुल्क |
|---|---|---|---|---|---|---|
| **01/ARM/NCB /Goods RBM-2083/084** | ऐरावती गाउँपालिका क्षेत्र भित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ( ढुङ्गा,गिट्टी,बालुवा)उत्खनन्, संकलन र घाटगद्दी तथा बिक्री सम्वन्धी कार्य | ४७०१६२/२१ | ८/०० | ३७६१२९७/६८ | कवोल गरेको अंकमा मू.अ.क. जोडी उक्त रकमको ५ % ले हुन आउने रकम नगदै वा कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत | ३००० |

**शर्तहरु :**

- बोलपत्र फारम खरिद गर्ने ईच्छुक फर्म वा कम्पनीले फर्म वा कम्पनी नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८२/०८३ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि शाखा कार्यालय, ऐरावती मा रहेको यस कार्यालयको राजश्व खाता नं ग १.१-१८२०१४००००००७९ मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले २१ औं दिन (२०८३/०७/१६ गते) को कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।
- बोलपत्र सम्वन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको (मु.अ.क.र अग्रीम कर सहित) ५ (पाँच) प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि, ऐरावती शाखामा रहेको धरौटी खाता नं ग ३.१-१८२०१४००००००३१ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भए बमोजिम विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, फोन नं, मोवाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन (२०८३/०७/१७ गते) दिनको १२:०० बजे भित्र यस कार्यालयमा Hard Copy दर्ता गर्नु पर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रहोबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
- प्रि विड बैठक यो सुचना प्रकाशित मितिले १५ औ दिन (२०८३/०७/१० गते) दिनको २:०० बजे गाउँपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्र दाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्यादनाघी वा रीत नपुगी पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता बापत ६० प्रतिशतले हुने रकम अनिर्वाय बुझाउनु पर्नेछ । दोस्रो किस्ता बाफत ४० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८४ साल असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (Performance Bond) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । दोश्रो किस्ता बापतको रकम २०८४।०२।२० गते भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार गाउँपालिका/नेपाल सरकारलाई आयकर तथा अन्यकर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४,नेपाल सरकार,लुम्बिनी प्रदेश सरकार र ऐरावती गाउँपालिकाबाट जारी भएका कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।
- अन्य थप जानकारीको लागि ऐरावती गाउँपालिकाको सम्पर्क नं ९८५१०६६८५० मा सम्पर्क गर्न अथवा वेब साइटwww .airawatimun.gov.np मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत
सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# <u>बोलपत्र सम्बन्धी शर्तहरु</u>

१.बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम नेपाल इन्भेस्टमेन्ट मेगा बैंक,बरौला शाखामा रहेको यस कार्यालयको आरन्तरीक राजस्व खाता नं १८२०१४००००००७९ मा जम्मा गरेको बैंक भौचर र आवश्यक सबै कागजातहरु यस कार्यालयमा पेश गर्नुपर्नेछ।

२.बोलपत्र फारमहरु नियमानुसार यस गाउँपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहित) को प्रमाण-पत्र तथा आर्थिक वर्ष २०८२/०८३ को कर चुक्ता वा म्याद थप प्रमाणपत्र, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषणा पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्र मिति २०८३/०७/१७ गते दिनको १२:०० बजे भित्र पेश गर्नुपर्नेछ र पेश भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ।बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्रदाताले हार्ड कपी (Hard Copy) मार्फत पेश गरेको बोलपत्र मिति २०८३/०७/१७ गते दिनको १२:०० बजे पछी पेश गरेमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ।

४. बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि कबोल गरेको अङ्कमा भ्याट जोडेर आएको रकमको ५% ले हुन आउने बोलपत्र जमानत रकम यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक,बरौला शाखामा रहेको धरौटि खाता नं १८२०१४०००००३१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त "क" बर्गको बैंक बाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

५. ठेक्का सम्झौता गर्दा कबुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर वापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ।

६.स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ६०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको छ।पहिलो किस्ता न्युनतम ६०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बैंकवाट २०८४ असार मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०८४/०२/२० सम्म भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन।

७. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ।अशुल गर्नबाँकी रकममा १०%, थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुलउपर गरिनेछ।

८. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

९. बोलपत्रखाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ ।रोयल्टी दर लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत भएबमोजिम हुनेछ।सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ।

१०.पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने,सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११.यस सूचना र बोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन नियम र प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन-२०८३ (IEE) अनुसार हुनेछ ।

१२. विस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखुहुन सम्बन्धित सबैलाई जानाकारी गराइन्छ।

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत

ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौला, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

# निवेदन-पत्र

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,

ऐरावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

बरौला,प्यूठान ।

विषयः- बोलपत्र पेश गरेको बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यहाँ कार्यालयको मिति २०८३/०६/२७ गते प्रकाशित सूचना अनुसार आ.ब. २०८३/०८४ को ढुंगा, गिट्टि, बालुवा, उत्खनन गरी बिक्री गर्ने कार्यको ठेक्का प्रतिस्पर्धाका लागि संलग्न शर्त बन्देज तथा जानकारी अध्ययन गरी निम्न विवरण खोली हार्ड कपी (Hard Copy) मार्फत बोलपत्र पेश गरेको छु। मरो बोलपत्र स्वीकृत भएमा त्यस गाउँ कार्यपालिकाको कार्यालयद्वारा निर्देशित शर्त तथा नियमहरु पालना गरी उक्त कार्य गर्न इच्छुक रहेको व्यहोरा अनुरोध गर्दछु।

१.मैले/यस फर्मले ठेक्का लिन चाहेको ठेक्काको विषय क्षेत्र र कबोल अंक यस प्रकार रहेको छ।

| ठेक्का नं. | कामको विवरण | इकाई | परिमाण | कबोल अंक (भ्याट बाहेक) | | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| 01/ARM/NCB /Goods RBM-2083/084 | ऐरावती गाउँपालिका क्षेत्र भित्र पर्ने नदी/खोलाका स्वीकृत घाटहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी,बालुवा) उत्खनन्,संकलन र घाटगद्दी तथा बिक्री सम्बन्धी कार्य | घनफिट | ४७०१६२/२१ | | | |
| | | | | | जम्मा | |
| | | | | | भ्याट १३% | |
| | | | | | जम्मा रकम (भ्याट समेत) | |

अक्षरुपीः

२.तपशिलमा उल्लेखित कागजपत्रहरु संलग्न छन ।

क.............................................. ।

ख.............................................. ।

ग.............................................. ।

निवेदकः

नामथरः

हस्ताक्षरः

फर्म वा कम्पनीको नाम :

ठेगानाः

१०२

सरद गौतम
प्रमुख प्रशासकीय अधिकृत